निर्णय नं. १०

पञ्चपुरी नगरपालिकाको रोजगार सेवा केन्द्रमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत रोजगार संयोजक श्री अदन भण्डारीको करार सेवाको म्याद मिति २०७७/११/२६ मा सम्पन्न भएकाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम निज रोजगार संयोजकको करार सेवाको म्याद मिति २०७८/११/२६ सम्मको लागि नविकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

सुर्खेत आँखा अस्पतालले पञ्चपुरी नगरपालिका अन्तरगत विभिन्न विद्यालयहरुमा आँखा स्वास्थ्य कार्यक्रम र आँखा उपचार शिविर सञ्चालन गरि छात्रछात्राहरुको आँखा जाँच एवं निःशुल्क चस्मा वितरण तथा सबै वडाका नागरिकहरुलाई मोतिबिन्दुको पहिचान भएको खण्डमा शल्यक्रिया कार्यका लागि लाग्ने रु. ६०००/- (छ हजार) मध्ये रु. ३०००/- (तीन हजार) का दरले सहुलियत शुल्क व्यहोरि दिन यस नगरपालिकामा प्रस्ताव पेश गरेकाले उक्त कार्यका लागि लाग्ने रु. ४,५०,०००/- (चार लाख पचास हजार) नगरपालिकाको कन्टिन्जेन्सी कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १२

भूमीहिन दलित, भूमीहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धि कार्यविधि, २०७७ बमोजिम लगत संकलनको लागि खटिने कर्मचारीहरुलाई पञ्चपुरी नगरपालिकाको ७९ औं नगर कार्यपालिकाको बैठकले अन्य नियमित सुविधाको अतिरिक्त खाजा खर्च वापत रु. २५०/- (दुई सय पचास) को दरले खटिएको दिनको लागि मात्र प्रदान गर्ने निर्णय गरेकोमा मिति २०७७/१०/१८ देखि लागु हुने गरी उक्त खाजा खर्च वापत निजहरुले प्राप्त गर्ने रकम मासिक तलबमानमा नै समायोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १३

पञ्चपुरी नगरपालिकाको "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७" नगर कार्यपालिकाको बैठकमा पेश भयो । पेश भएको कार्यविधि आगामी बैठकमा आवश्यक छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।